ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 2 Year: 2023
**************************************

# बर्दिया जिल्लाका मुक्त कमैयाको पुनर्स्थापनामा रेडियो कार्यक्रम नागरिक आवाजको प्रभाव

डिल्ली बहादुर बि.सी.[1]

# Impact of Radio Program *Civic Voice* on Rehabilitation of Free Bonded Labourers in Bardia District

**Dilli Bahadur BC[1]**

[1]Corresponding Author: Dilli Bahadur BC, PhD Scholar, Nepal Sanskrit University, Beljhundi, Dang
Email: dillibc@gmail.com
Article History: Received: March. 23, 2023 Revised: May. 5, 2023 Received: Jun 21, 2023

**लेखसार**

बर्दिया जिल्लामा मुक्त कमैयाको पुनर्स्थापनामा रेडियो कार्यक्रम नागरिक आवाजको प्रभाव कस्तो रहेको छ भन्ने बारेमा यो अध्ययन केन्द्रित छ। यो अध्ययन प्रश्नावली सर्वेक्षणको विश्लेषणमा आधारित छ। प्रश्नावली सर्वेक्षणमा मुक्त कमैयाहरूलाई मात्र समेटिएको छ। कार्यक्रमले केवल मुक्त कमैयाको पुनर्स्थापना जस्तो संवेदनसिल विषयमा केन्द्रित रहेर उत्पादन प्रसारण हुने भएकोले पूर्णरूपमा यो वर्गहितमा केन्द्रित हुन समाजहित र दासताको जीवन विताएका यो वर्गको हितमा छ। यसरी रेडियो कार्यक्रमले दासताको जीवन विताएका पक्षमा काम गरेकोले अध्ययनको आकर्षण हुनु स्वाभाविक हो। यसभन्दा पहिले यसै विषमा कसैले अध्ययन गरेको पाईएन। यसकारण संचारको सामाजिक उत्तरदायित्वमा केन्द्रित अध्ययन हो। नागरिक आवाज कार्यक्रमले मूख्यगरी नीतिगत व्यवस्थालाई मुक्त कमैयासम्म र पुनर्स्थापना नहुँदा मुक्त कमैयाका समस्या कार्यान्वयन निकायसम्म पुऱ्याउने गरेको पाईयो। नीतिगत जानकारी, सरकारी प्रयास र मुक्त कमैयालाई संगठित, शसक्त र आफ्ना अधिकारको बारेमा बुझ्न यो कार्यक्रमको योगदान रहेको पाइयो।

***शब्दकुञ्जी*** : कमैया, श्रम, निषेध, मुक्त, समुदाय, वर्ग, ज्याला, ऋणदाता, एफ.एम.

**Abstract**

This study focuses on the effect of the radio program Civil Voice on the restoration of free bonded labourers in Bardia district. The study is based on the analysis of the questionnaire survey. The survey covers only the free bonded labourers. Since the program is only focused on the sensitive issue of restoration of free bonded labourers, it is in the interest of this class that has spent a life of slavery and society to focus on the interests of this class. In this way, since the radio program works on the side of slavery, it is natural that the study is attractive. No one has studied this poison before. Therefore, the study focuses on the social responsibility of communication. It was found that the Civil Voice program mainly takes the policy system to free bonded labourer and in the absence of rehabilitation, the problems of free bonded labourers to the implementing agencies. It was found that this program contributed to policy information, government efforts and free bonded labourers to be organized, empowered and aware of their rights.

*Keywords*: bonded labourers, labour, prohibition, free, community, class, wage, creditor, F.M.

## विषयपरिचय

### पृष्ठभूमि

रेडियो कार्यक्रम नागरिक आवाजले हरेक अंकमा मुक्त कमैयाका स्थायी अस्थायी बसोबास गरेका स्थानमा पुगेर उनीहरूका समस्या उनीहरूकै आवाजमा समेटने र त्यसको प्रतिउत्तरका रूपमा सरोकारवाला राज्य संचालक, कार्यान्वयन गर्ने मुक्त कमैया पुनर्स्थापन समितिका पदाधिकारी, सरकारी कार्यालयका प्रतिनिधिको जवाफ आम सचेतिकारण र जानकारीका लागि प्रसारण गरेको थियो । कही कतै पक्षपाति पूर्ण रूपमा भन्दा पनि यथार्थमा आधारित भएर जस्ताको त्यस्तै मुक्त कमैया वर्ग र सरोकारवालाका कुरा प्रसारण गरेको थियो । यस कार्यक्रमले मानव अधिकारको पक्ष र मुक्त कमैया समुदायको पीडा र वेदनामा संचारको सामाजिक उत्तरदायित्वको सिद्धान्तमा रहेर काम गरेको थियो । मान्यताहरूसँग कार्यक्रम नागरिक आवाजले उठाउने गरेका विषयहरूले मेल खाएको देखिन्छः कमैया महिला जागरण समाज नेपालले संचार पैरवीका लागि साझेदारी मार्फत हातेमालो संचार समूहले विगत तीन वर्ष देखि रेडियो कार्यक्रम नागरिक आवाज नामक कार्यक्रम उत्पादन प्रसारण गर्दै आएको छ । यस अध्ययनको केन्द्र पनि यो रेडियो कार्यक्रमले पारेको प्रभाव रहने छ ।

### कमैया मुक्तिः ऐतिहासिक पृष्ठभूमि र पुनर्स्थापनम

बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्ला नयाँ मूलुकको रूपमा १८६० ई.मा इस्टइन्डीया कम्पनीबाट नेपाललाई प्राप्त भयो । राणाकालमा देशका उच्च शासकहरूले तराईका भू-भागमा रहेका उब्जाउ जमिनहरू आफ्ना भारद्वाज, नाता कुटुम्ब, आफुलाई खुसी पार्ने सेवकहरूलाई बिर्ता/उपहार दिने प्रचलन रहेको थियो । औलो लाग्ने भएकोले कुनैपनि शासकहरू तराईमा बस्दैनथ्ये । उनीहरूको बिर्तामा रहेका हजारौ बिगाहा जमिन तिनै थारू जातिहरूको पौरखले उत्पादाशिल हुन्थ्यो । शासक/जमिन्दारहरू शहरमा बसेर त्यसको उत्पादन लिने गर्दथे । इतिहासको कुनै कालखण्डमा तराईको भूमीलाई आफ्नै पौरखले उर्वर गर्ने थारू जातिका मानिसहरू समयको बहावसँगै भूमिहिन र बाँधा मजदुर(कमैया)मा परिणत हुदैगए ।

नेपालमा मानवीय कलङ्कको रूपमा रहेको कमारा/कमारी राख्ने प्रचलन राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालमानै अन्त भएको उल्लेख छ । तर अवशेष बि.सं. २०५७ सालसम्म कायमै रहेको देखिन्छ ।

*बर्दियामा भूमि आन्दोलन*

ईतिहासलाई फर्केर हेर्दा यस जिल्लामा समय-समयमा ठूला आन्दोलनहरू भएको भेटिन्छ । सन् १९४४ मा बासका लागि भूमीहिनहरूले गरेको आन्दोलन जुन आन्दोलनमा कोईलीदेबी थरूनीको मृत्यू समेत भएको थियो । यसरीनै, सन् १९६७, १९७५ र १९८० देखि १९८४ सम्म कन्द्रामा भूमीहिन किसान तथा कमैयाहरूले गरेको कन्द्रा आन्दोलन आदि ।

नेपाल सरकारले मुक्त घोषणागर्दा आफ्नो घोषणामा अधिराज्यका केही भागमा कमैयाप्रथाका नाममा आज पनि कमैयाको रूपमा असहाय तथा अशिक्षित श्रमिकहरूलाई काममा लगाई शोषण गर्ने सामान्ती परिपाटी कायमै रहेको सन्दर्भमा २०५७ साउन २ गते (आजका मिति) देखि नेपाल अधिराज्यभर कुनै पनि क्षेत्र वा भागमा कमैयाको नामबाट प्रत्यक्ष वा अप्रत्यक्ष वा कुनै पनि तरिकाले असहाय तथा अशिक्षित श्रमिकहरूलाई काममा लगाउनु पूर्णतः निषिद्ध र गैरकानुनी घोषित गर्ने । *(सुवेदी, धातृ र अरू २०६५)*

### मुक्त कमैयाको परिचयपत्र वितरण गरेको विवरण

सरकारले मुक्त कमैयालाई चार वर्ग विभाजन गरी सोही अनुसारको रंङ्गको परिचयपत्र रातो, निलो, पहेलो र सेतो गरी वर्गिकरण गरेको छ । यस वर्गमा विभाजन भएकाले सोही निम्न अनुसारको सुविधा पनि पाएका छन ।

**वर्गिकरण यस प्रकार छः**
**'क' वर्ग रातो कार्ड**: घरजग्गा विहिन मुक्त कमैया परिवार,
**'ख' वर्ग निलो**: सरकारी ऐलानी, पर्ति वा अन्य कसैको जग्गामा घर भएको तर आफ्नो जमिन नभएको परिवार,
**'ग' वर्गको पहेलो**: दुई कठ्ठा भन्दा कम जमिन भएको परिवार,
**'घ' वर्गको सेतो**: दुई कठ्ठा भन्दा बढी जमिन भएको परिवार,
*(कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८)*

वि.सं. २०५७ सालमा कमैया मुक्त पश्चात पाँच वटै जिल्लामा रहेका मुक्त कमैयालाई सरकारले दुई पटक उनीहरूको अभिलेख लिएको थियो । पहिलो पटक वि.सं.२०५७ र अन्तिम वि.सं.२०६० सालमा मुक्त कमैयालाई विवरण लिएर परिचयपत्र वितरण गरेको छ ।

| जिल्ला | २०५७ र २०६० सालमा परिचयपत्र प्राप्त गरेको विवरण | | | | |
|---|---|---|---|---|---|
| | 'क' वर्ग रातो कार्ड | 'ख' वर्ग निला | 'ग' वर्गको पहेलो | 'घ' वर्गको सेतो | जम्मा |
| **बर्दिया जम्मा** | **६१६९** | **५०८२** | **१११५** | **१८३३** | **१४४९९** |
| **दाङ जम्मा** | **३०२** | **४०३** | **३९७** | **३२४** | **१४२६** |
| **बाँके जम्मा** | **१११८** | **८०३** | **१३५** | **२६०** | **२३१६** |
| **कैलाली जम्मा** | **३७५८** | **५२१७** | **१८९** | **५९८** | **९७६२** |
| **कञ्चनपुर जम्मा** | **३९२४** | **४९५** | **३३** | **५५** | **४५०६** |

*(कमैया महिला जागरण समाज नेपाल, २०७४)*

सरकारले ५ वटै जिल्लामा रहेका मुक्त कमैयालाई रातो, निलो, पहेलो र सेता परिचय पत्रका आधारमा मुक्त कमैयाको वर्गिकरण गरेको छ । जसको अभिलेख २०५७ र २०६० सालमा परिचय पत्र दिएको थियो । देशका ५ वटै जिल्लामा ३२ हजार ५सय १६ परिवार रहेका छन भने बर्दिया जिल्लामा १४ हजार ४ सय ९९ परिवार मुक्त कमैयाको सरकारले पहिचान गरेको थियो ।*(थारू, कृष्णी,२०७४)*

**समस्या कथन**

जमिन्दारी प्रथाबाट उत्पन्न कमैया प्रथाले बर्दिया जिल्लाका धेरै नागरिकले दासताको जीवनयापन गर्नु परेको थियो । कमैया श्रम मानवता विरोधी कार्य थियो । यो राज्यको नीति विरोधी मात्रै थिएन मानिसको मानव अधिकार प्रयोग गर्नबाट बन्चित बनाउने गैरमानवीय कार्य थियो । मुक्त कमैया र विभिन्न प्रकारका मानव अधिकारवादी संस्था र आम मानिसको दवावका कारण सरकारले कमैया मुक्त वि.सं. २०५७ सालमा गरेको थियो । सरकारले कमैया श्रम(निषेध गर्ने) सम्बन्धी ऐन २०५८ जारी गरेको थियो । यसका साथै मुक्त कमैयाको अभिलेख लिने काम गरिसकेपछि मुक्त कमैयाको पुनर्स्थापनाका लागि "मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग (गठन) (एघारौं संशोधन) आदेश, २०६९ पनि जारी गरेको छ । ऐनमा व्यवस्था भए अनुसारको केन्द्रीय मुक्त कमैया समस्या समाधान आयोग र जिल्ला स्तरमा जिल्ला स्तरी मुक्त कमैया पुनर्स्थापना समिति गठन गरेको छ । जसमा तत्कालिन जिल्ला भूमिसुधार कार्यालय सदस्य सचिव रहने गरी वन, मालपोत, जिल्ला विकास, जिल्ला प्रहरी, जिल्ला नापी कार्यालयका प्रतिनिधि र स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू रहने व्यवस्था गरेको छ ।

बर्दिया जिल्लामा मुक्त कमैया धेरै संख्यामा रहेको जिल्ला हो । राजनीतिक रूपमा माओवादी युद्धले बढी प्रभावित जिल्ला भएको कारण पनि मुक्त कमैयाको पुनर्स्थापनामा असर परेको थियो नै तर देशमा शान्तिवार्ता पछिको १० वर्ष पार भई सक्दा पनि मुक्त कमैयाको पुनर्स्थापना हुन नसक्नु त्यो प्रमुख कारण नभएको देखिन्छ । यसका साथै राजनीतिक अस्थिरताले हो भन्ने हो भने पनि अन्य जिल्लामा पुनर्स्थापनाको धेरै काम भएको छ ।
मुक्त कमैयाको पुनर्स्थापनाका लागि कमैया महिलाहरूको पहलमा गठित कमैया महिला जागरण समाज नेपाल गुलरिया बर्दियाले मुक्त कमैयाको बसोवास, कमैया महिलाको पहिचानका लागि परिचयपत्र, समान कामको लागि समान ज्याला, शिक्षा, रोजगारी लगाएतका सवालमा आफ्नो पैरवी गर्ने अभियान गरेको छ । सोही संस्थाले रोजगारीका लागि सहयोग र संगठित भएर अधिकारको अभियान पनि संचालन गरेको छ । तर सरकार र मुक्त कमैयाको पुनर्स्थापनाको जिम्मा पाएका निकाय र आयोगले उनीहरूका पक्षमा काम गर्दा १७ वर्ष सम्म किन ढिला सुस्ती गरेको छ । नीतिगत मुक्त कमैयाहरूका अधिकार के छन । मुक्त कमैयाले वस्तीमा भोगेका समस्या किन पुनर्स्थापना समितिले सुन्दैन, यी र पुनर्स्थापनासँग जोडिएका समस्याको समाधान गर्न अति खाँचो रहेको छ ।

**अध्ययनको उद्देश्य**

बर्दिया जिल्लाका मुक्त कमैयाको पुनर्स्थापनाका लागि रेडियो कार्यक्रम नागरिक आवाजले पारेको प्रभाव पहिल्याउने ।

**अध्ययनको औचित्य**

रेडियो कार्यक्रम नागरिक आवाजले मुक्त कमैयाको पुनर्स्थापना, आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक अवस्थामा पारेको प्रभावको सही रूपमा प्राज्ञिक रूपमा अध्ययन हुँदा यी वर्ग र यस्तै अन्य वर्ग समुदायको पक्ष पनि काम गर्न सजिलो हुनुका साथै यस रेडियोको प्रभाव मूल्याकनमा पनि सहयोग हुने छ ।

(क) पुनर्स्थापनामा भएका ढिला सुस्तिलाई तत्काल पुनर्स्थापनाका लागि सकारात्मक दाबाव महसुस हुने छ,
(ख) दासताको जीवन बिताएका लागि उनीहरूको अधिकार प्राप्तीमा मिडियाले उचित भूमिका खेल्न सक्छ,
(ग) उनीहरूको आत्म सम्मान र बासको अधिकार संरक्षण गर्न सक्छ,
(घ) मुक्त कमैया समाजमा सहअस्थित्वमा मिडियाको भूमिका उजागर गर्न,
(ङ) राज्यको दायित्वको बारेमा मिडियाले पुऱ्याएको योगदानको चर्चा गर्न,
(च) अधिकार माग गर्ने अवस्था सिर्जना गर्न मिडियाले प्रोत्साहित गर्न सक्छ भन्ने देखाउन,

**अध्ययनको सीमा**

यस अध्ययनका लागि कार्यक्षेत्र बर्दियाका बाँसगढी नगरपालिका, राजापुर नगरपालिका, बढैया ताल गाउँपालिका र गुलरिया नगरपालिका क्षेत्रमा अध्ययन गरिएको छ । अध्ययनका लागि वि.सं.२०७३ असोजदेखि वि.सं.२०७४ कार्तिक मसान्तसम्मको समयावधीमा यो अध्ययन पूरा गरिएको हो । मुक्त कमैयाको पुनर्स्थापना र उनीहरूको अधिकारका लागि पैरवी गरिने यो कार्यक्रमको प्रशारण क्षेत्र व्यापक भए पनि ३ वटै एफ.एम. रेडियोको प्रसारण क्षेत्र पर्ने स्थानका मुक्त कमैयाका बस्तीमा गएर उनीहरूमा कार्यक्रमले पारेको प्रभाव मात्र अध्ययन गरिएको छ । यसरी मुक्त कमैयाको पुनर्स्थापनामा रेडियो कार्यक्रमको प्रभावका बारेमा गरिएको स्थलगत अध्ययन वि.सं.२०७३ असोजदेखि वि.सं.२०७४ कार्तिक मसान्त सम्मको अवधि रहेको थियो ।

व्यक्तिगत अध्ययन भएको र आफ्नै स्रोत र साधन प्रयोग गर्नु पर्ने भएकोले यसमा लामो समय देखिएको हो । जुन समयमा सयम अनुकुल हुन्छ अफ्न भन्दा आफुसँग स्रोत र साधन भएको समयमा अध्ययनका लागि मुक्त कमैया बस्तीमा जाने र अन्य समयमा द्बितिय तथ्यको अध्ययन समेतमा यो समय अवधि लामो भएको हो ।
मुक्त कमैयाका अन्य विभिन्न समस्या पनि रहेका छन । यी मुक्त कमैया जस्तै अन्य थारू जातिका मानिस भए पनि उनीहरूसँग यस विषयमा कुरा गरिएको छैन । यसका साथै ५ वटै जिल्लाका मुक्त कमैयाका समस्यामा अध्ययन गर्न

पाएको भए अझ राम्रो हुने थियो तर सिमित स्रोत र समय अवधि कम भएका कारण पनि निश्चित क्षेत्रमा बसोबास गर्ने मुक्त कमैयाका निश्चित सवाल रेडियो कार्यक्रम सुनेर उनीहरूमा पुनर्स्थापनाका लागि पारेको प्रभाव मात्रै अध्ययन गर्नु पर्ने सीमा निर्धारण गरिएको हो ।

**पूर्वकार्यको समीक्षा**

यस अध्ययनका लागि साँझो पाझो मिल्ने पुस्तक वा दस्तावेज अभाव रहेको छ । यस विषयको यो पहिलो अध्ययन रहेको छ । मुक्त कमैयाको पुनर्स्थापनामा संचारको माध्ययम रेडियो कार्यक्रमको प्रभाव अध्ययन भएकोले यससँग मिल्ने अध्ययन सामग्री कम हुनु स्वभाविक हो ।

राधाकृष्ण थारूलाई केन्द्र बनाएर बर्दिया जिल्लामा रहेको जमिन्दारी प्रथालाई बर्दिया जिल्ला चिनाउने नेपाली काँग्रसेको राजनीति पनि जोडने यो पहिलो पुस्तक हो । यसका साथै यस पुस्तकले जमिन्दारी प्रथालाई र राधाकृष्ण थारूलाई समान रूपले प्राथमिकता दिएको छ । पुस्तकले बर्दिया जिल्लाको जमिन्दारी प्रथाको समग्र इतिहास प्रष्ट गर्ने प्रयास गरेको छ । जमिन्दारी प्रर्था वा कमैयाको इतिहास अध्ययनका लागि यो पुस्तक पहिलो र अनिर्वाय अवस्य छ । लेखकले केन्द्रभाग बनाउन खोजेका राधाकृष्ण भएकोले उनीको कार्य जमिन्दारी प्रथा विरोधी नै रहेको छ । पुस्तक दिनेशप्रसाद श्रेष्ठले लेखेको र निलम श्रेष्ठको प्रकाशन वि.सं.२०५२ मा प्रकाशित गरिएको छ ।

बर्दिया जिल्लाको जमिन्दारी प्रथा, कमैया प्रथाको जन्म साथै राणाहरू बर्दियामा प्रवेश, कमैया सुकुम्बासीले गरेका आन्दोलनको अध्ययनको लागि यो अति उपयुक्त पुस्तक हो । कमैया प्रथा र राजनीतिक विषयमा यस अध्ययन क्षेत्रको बारेमा बुझ्न यसले सहयोग पुर्‍याएको छ । त्यसैले यस अध्ययनका लागि यस पुस्तक सान्दर्भिक छ । यस पुस्तकले यो अध्ययनलाई अध्ययनमा सहज भए पनि अध्ययनको शिर्षकमा रहेको मुक्त कमैया पुनर्स्थापनामा रेडियो प्रभाव भने छुटाएको छ । यसले एकल पाटोमा मात्र सवाल बोकेको छ । प्रष्टसँग जमिन्दारी, कमैया प्रथा, आन्दोलन समेटको पाइन्छ । पुनर्स्थापना र संचारको भूमिका कहिकतै उल्लेख पाइदैन (श्रेष्ठ, २०५२) ।
यो पुस्तक मुक्त कमैया पुनर्स्थापना र अधिकारकोसँग जोडिएको पहिलो दस्तावेज हो । पुस्तकलाई २ खण्डमा विभाजन गरिएको छ । पहिलो खण्ड मुक्त कमैयाको घोषणा हुँदादेखि मुक्त कमैयाले विभिन्न पटक सरकार र सरकारी निकायसँग गरेका विभिन्न संझौता, निवेदन, निर्णय र विभिन्न प्रतिवेदनहरू रहेका छन । यसको दोस्रो खण्डमा संवैधानिक र कानुनी प्रधानको व्याख्या गरिएको छ । पुस्तक नेपालको इतिहासका पुस्तकमा एक महत्वपूर्ण दस्तावेज हो । यति मात्र हैन पुस्तकले दासता प्रथाका विरूद्ध भएका सबै दस्तावेजको संगालो भएको छ । यसका साथै पुस्तक आकार बनाउनु नै सबै भन्दा महत्वपूर्ण पक्ष रहेको छ । नेपाली भाषामा रहेको पुस्तकको अध्ययन विना मुक्त कमैयाको अध्ययन कुनै पाटोबाट गर्न सकिदैन । पुस्तक वि.सं.२०६५ सालमा प्रकाशन एक्सनएड नेपाल प्रकाशनमा ल्याएका हो । पुस्तकको संयोजक, सम्पादन धातृप्रसाद सुवेदी र घनेन्द्र ओझा रहेका छन ।

मुक्त कमैयाका विषय छरिएर रहेका विभिन्न दस्तावेजहरू एकै पुस्तकमा समेटनु सबै भन्दा ऐतिहासिक र सबल पक्ष हो । खोज तथा अध्ययनकर्तालाई वा मुक्त कमैयाका बारेमा अध्ययन गर्ने सबैका लागि यो सबै भन्दा बढी महत्वपूर्ण दस्तावेज हो । यस पुस्तकमा मुक्त कमैयाले गरेका एकल पक्ष दस्तावेज मात्रै छैन । पुस्तकमा संविधान, ऐन कानुनले व्यवस्था गरेका विषय समेटिएकोले पुस्तक पूर्वाग्रही भएर सरकार विरोधी दस्तावेज हो कि भन्ने भ्रम पनि चिर्न सफल छ । यो दस्तावेजको संगालो हो । यसले मुक्त कमैयाका आन्दोलन, सहमति, संझौता र नीतिगत व्यवस्थाको जानकारी दिने भए पनि यो अध्ययनलाई पुर्वकार्यको समिक्षा रेडियो र आमसंचारको पक्ष समावेस गरेको छैन । यसका साथै रेडियो वा यस प्रकारका कार्यक्रमको प्रभाव कही कति उल्लेख समेत गरेको छैन । (सुबेदी र अरू, २०६५)

कमैया प्रथा एकिन गरी कहिले देखि सुरू भयो भन्ने कुनै अभिलेख नभए पनि जब तराई क्षेत्रमा मानव जातिको बसोबास हुन थाल्यो त्यस पश्चात उनीहरू गरिब, विपन्न र पहुँच नभएकाहरू मानिसहरू अरूको घरमा सिमित ज्याला र ऋणको व्याज तिर्न नसक्दा हुनेखानेका घरमा काम गर्न बाध्य भएका थिए ।

कमैयालाई तत्कालिन नेपाल सरकारले वि.सं. २०५७ साउन २ गतेका दिन कमैया श्रम निषेध गरेका घोषणा गरेका थियो । सरकारले कमैयालाई मुक्त घोषणा गर्दा 'कमैया श्रम' भन्नाले देहायका कारणबाट विनाज्याला वा न्यून ज्यालामा ऋणदाताका लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनुपर्छः भनि कमैयालाई परिभाषित गरेको छ । *(कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८)*

१.आफु वा आफ्नो परिवारले लिएको ऋण वा सोको व्याज चुक्ता गर्नका लागि ।
२.पूर्खाले लिएको ऋण वा सोको व्याज चुक्ता गर्नका लागि ।
३.ऋणदाता समक्ष कुनै कमैया श्रमिकको जमानी बसेकोमा त्यस्तो कमैया श्रमिकको कमैया ऋण चुक्ता गर्नका लागि ।
*(कमैया श्रम (निषेध गर्ने) सम्बन्धि ऐन २०५८)*

सरकारले मुक्त घोषणा गरेका दुई दशक पार हुन लाग्दा पनि उनीहरूको सही रूपमा पुनर्स्थापना नगरेकाले उनीहरू पटक पटक विभिन्न प्रकार र स्थानमा आन्दोलन गर्दै आएका छन । बर्दिया जिल्ला मुक्त कमैया धेरै भएको जिल्लामा पर्दछ । आजका मिति सम्म उनीहरूका पूर्ण रूपमा सही पुनर्स्थापना गर्न सकेको छैन । पहिलो पटक हरेक एकाघर परिवारलाई बासका लागि बढीमा ५ कट्ठा जमिन, ३५ क्वीफिट काठ, नगद १० हजार रूपैया र एक घर एक परिवारलाई रोजगारका लागि सिपमूलक तालिम दिने निर्णय गरेको थियो ।*(नेपाल सरकार,"मुक्त कमैया पुनर्स्थापन समस्या समाधान आयोग (गठन) (एघारौं संशोधन) आदेश, २०६९)*

वि.सं. २०७३ असार मसान्त सम्ममा २६,४४० परिवारको पुनर्स्थापनाको कार्य सम्पन्न भएको छ । जसमध्ये ४३५ परिवालाई सट्टाभर्ना दिनु पर्ने देखिएको छ । दाङ र बाँके जिल्लामा पुनर्स्थापनाको कार्य सम्पन्न भइसकेको छ भने ३ अन्य जिल्लामा ११७१ परिवारको पुनर्स्थापना कार्य बाँकी रहेको छ ।

**हालसम्म पुनर्स्थापित परिवार र वितरित जग्गाको विवरण**

| जिल्ला | जग्गा विहिन परिवार संख्या | हालसम्म पुनर्स्थापना गरिएका परिवार | हालसम्म पुनर्स्थापना गर्न बाँकी संख्या | सट्टाभर्ना बाँकी |
|---|---|---|---|---|
| दाङ | ७०५ | ७०५ | | ८० |
| बाँके | १९२१ | १९२१ | | २६ |
| बर्दिया | ११५५१ | १०९२१ | १६७ | ९२ |
| कैलाली | ८९७५ | ८५०३ | ५२९ | २३६ |
| कञ्चनपुर | ४४१८ | ४३९० | ४० | |

कञ्चनपुर जिल्लामा २८ जना सम्पर्कमा नआएकोले लगत कट्टा गरिएको:स्रोत सम्बन्धित भूमिसुधार कार्यालयहरू, २०७३
*(नेपाल सरकार भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(आ.व.२०७३/२०७४)*

## शोध बिधि

### अनुसन्धान ढाँचा

यो अध्ययनले मुक्त कमैयाको पुनर्स्थापनाका लागि रेडियो कार्यक्रम नागरिक आवाजले पारेको प्रभाव पहिल्याउनकालागि अन्वेषण (exploratory) अनुसन्धान ढाँचा को प्रयोग गरिएको छ ।

### तथ्याङ्कको श्रोत

यस अध्ययनमा प्रश्नावली बिधि (Questioner Method) बाट सङ्कलन गरिएको प्राथमिक तथ्याङ्क प्रयोग गरिएको छ। उक्त प्राथमिक तथ्याङ्क व्यक्तिगत रुपमा छनौछ गरिएका नमुना सूचनादाताहरु बाट संकलन गरिएको छ।

**जनसंख्या र नमुना**


यस अध्ययनकालागि बर्दिया जिल्लाका कुल मुक्त कमैयाको संख्या १४,४९९ जनसंख्या मध्ये बाँसगढी, गुलरीया र राजापुर तीनवटा नगरपालिका र एक बढैयाताल गाउँपालिका का प्रतिनिधिमूलक ९१ जना मुक्त कमैयाबाट प्रश्नावलीका माध्यमले सूचना संकलन गरिएको छ।

**तथ्याङ्कको प्रस्तुति र विश्लेषण**

मुक्त कमैयाको पुनर्स्थापनामा रेडियो कार्यक्रमको प्रभावका बारेमा गरिएको स्थलगत अध्ययन वि.सं.२०७३ असोजदेखि वि.सं.२०७४ कार्तिक मसान्त सम्मको तथ्याङ्क विश्लेषण।

बर्दिया जिल्लाको बाँसगढी नगरपालिका, राजापुर नगरपालिका, बढैया ताल गाउँपालिका र गुलरिया नगरपालिका क्षेत्रलाई केन्द्रभाग बनाएर मुक्त कमैयाको पुनर्स्थापनाको अवस्था र त्यसको प्रभावमा रेडियोका कार्यक्रमले पारेको प्रभाव लक्षित वर्गमा पुगेर नमुना सङ्कलन गरी मुक्त कमैया बर्गमा रेडियो कार्यक्रम नागरिक आवाजले पारेको प्रभावका वारेमा लक्षित वर्गका ९१ जना व्यक्तिहरूबाट नमुना सङ्कलन गरी गरिएको अध्ययनबाट प्राप्त नतिजालाई तलको तालिकामा यस प्रकार देखाउन सकिन्छः-

**चित्र नं.१**
*सञ्चार माध्यमको प्रयोग*





*(स्रोतः सर्वेक्षण, २०७४)*

यस तालिकाबाट यो स्पष्ट हुन्छ कि यो वर्गका ९१ जना व्यक्तिलाई तपाईं घरमा कुन सञ्चार माध्यम सुन्ने र पढ्ने समाधन छ भनी सोधिएको प्रश्नमा पत्रिका सबै भन्दा कम ७ जनाले ८ प्रतिशत पढ्ने गरेको पाईयो। ६३ जना अथवा ६९ प्रतिशत मानिसहरूले रेडियो सुन्ने गरेका छन्। त्यसै गरी ११ जना वा १२ प्रतिशत मानिसले टेलिभिजन हेर्ने गरेको र १० जना अथवा ११ प्रतिशत ले कुनै पनि सञ्चार माध्यमको प्रयोग नगर्ने गरेको बताउनु भएको छ।

**चित्र नं. २**

*कार्यक्रमको छनौट*




*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई तपाईं रेडियोमा कस्ता प्रकारका कार्यक्रम सुन्नु हुन्छ भनी सोधिएको जिज्ञासामा ३७ जना जना अथवा ४० प्रतिशतले मनोरञ्जनात्मक कार्यक्रम सुन्ने गरेको बताए। २६ जना अथवा २८ प्रतिशत मानिसहरूले चेतनामूलक कार्यक्रम सुन्दा रहेछन्। त्यस्तै १० जना वा ११ प्रतिशत मानिसले समाचारमूलक कार्यक्रम सुन्दा रहेछन् भने १९ जना अथवा २१ प्रतिशत मानिसले मनोरञ्जनात्म, चेतनामूलक र समाचारमूलक र सबै कार्यक्रम सुन्ने गरेको बताए।

**तालिका नं.१**

*धेरै सुन्ने कार्यक्रम*

| **सि.नं.** | **विवरण** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| क | समाचार | १४ | १६ |
| ख | साहित्य | १३ | १४ |
| ग | नागरिक आवाज | ५४ | ५९ |
| घ | माथिका सवै | १० | ११ |
| | **जम्मा** | **९१** | **१००** |

*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई तपाईं कुन रेडियो कार्यक्रम धेरै सुन्नुहुन्छ भनी सोधिएको प्रश्नमा १४ जना अथवा १६ प्रतिशतले समाचार सुन्ने गरेको बताए। १३ जना अथवा १४ प्रतिशत मानिसहरूले साहित्य सुन्ने गरेका छन्। त्यसै गरी ५४ जना वा ५९ प्रतिशत मानिसले कार्यक्रम नागरिक आवाज सुन्दारहेछन् भने १० जना अथवा ११ प्रतिशत ले समाचा, साहित्य, नागरिक आवाज कार्यक्रम सुन्ने गरेको बताए।

**तालिका नं.२**

*कार्यक्रमका विषयवस्तु*


| सि.नं. | विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| क | आयआर्जनका | ३ | ३ |
| ख | कमैया महिलाको पहिचान | ८ | ९ |
| ग | पुनर्स्थापना | ७ | ८ |
| घ | माथिका सबै | ७३ | ८० |
| | **जम्मा** | **९१** | **१००** |

*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई रेडियो कार्यक्रमले कस्ता-कस्ता कुरा समावेस गरेको हुन्छ भनी सोधिएको प्रश्नमा ३ जना अथवा ३ प्रतिशतले आर्यआर्जनका कुरा उठाउने गरेको बताए । ८ जना अथवा ९ प्रतिशत मानिसहरूले कमैया महिलाको पहिचानका कुरा उठाउने गरेको जवाफ दिए । त्यस्तै ७ जना वा ८ प्रतिशत मानिसले पुनर्स्थापना कुरा उठाउने गरेको अनुभव गरेका रहेछन् भने ७३ जना अथवा ८० प्रतिशत माथिका सबै माथि उल्लेखित सबै आयआर्जन, कमैया महिलाको पहिचान, पुनर्स्थापनाका कुरा उठाउने गरेको बताए ।

**चित्र नं. ३**

*नागरिक आवाज आफ्नै कार्यक्रम*




*(स्रोत: सर्वेक्षण, २०७४)*


माथिको यो तालिकाबाट स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई रेडियो नागरिक आवाज कस्तो कार्यक्रम हो ? भनी सोधिएको प्रश्नमा १९ जना अथवा १९ प्रतिशतले समाचारमूलक, ५२ जना अथवा ५३

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 2 Year: 2023

प्रतिशतले चेतनामूलक, १० जना १० प्रतिशतले मनोरञ्जनात्मक र १८ जना अथवा १८ प्रतिशत मानिसले समाचारमूलक, चेतनामूलक र मनोरञ्जनात्मक सबै भएको बताए ।

**चित्र नं. ४**

*कार्यक्रमबाट पाएको जानकारी*




*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको यो तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई रेडियो कार्यक्र नागरिक आवाज सुनेर तपाईंले के थाह पाउँनु भयो भनी सोधिएको प्रश्नमा १२ जना अथवा १३ प्रतिशतले नीति अनुसारको पुनर्स्थापना नभएको थाहा पाएको बताए । १२ जना अथवा १३ प्रतिशत मानिसहरूले संगठित भएर पुनर्स्थापनामा जुट्ने कुरा बताएका छन् । त्यसै गरी १६ जना वा १८ प्रतिशतले कमैया महिलाले परिचयपत्र पाउनु पर्छ भन्ने कुरा बुझेको बताए भने ५१ जना अथवा ५६ प्रतिशत मानिसले माथि उल्लेखित सबै नीति अनुसारको पुनर्स्थापना, संगठित भएर पुनर्स्थापनामा जुट्ने कुरा, कमैया महिलाले परिचयपत्र पाउनु पर्छ भन्ने बताए ।

**तालिका नं.३**

*कार्यक्रम सुन्ने*

| सि.नं. | विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| क | ६ महिना पहिले | १७ | १९ |
| ख | १ वर्ष पहिले | १४ | १५ |
| ग | ३ वर्ष पहिले | ४७ | ५२ |
| घ | समय यकिन भएन | १३ | १४ |
| | **जम्मा** | **९१** | **१००** |

*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई रेडियो कार्यक्रम नागरिक आवाज कहिले देखि सुन्न सुरूवात गर्नु भयो भनी सोधिएको प्रश्नमामा १७ जना अथवा १९ प्रतिशतले ६ महिना पहिलेदेखि, १४ जना अथवा १५ प्रतिशत मानिसहरूले १ वर्षदेखि, ४७ जना वा ५२ प्रतिशत मानिसले ३ वर्षदेखि र १३ जना अथवा १४ प्रतिशत मानिसले आफुले कार्यक्रम सुन्न सुरूवात गरेको समय एकिन नभएको बताए ।

**तालिका नं. ४**

*पुनर्स्थापनामा रेडियो कार्यक्रम*

| सि.नं. | विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| क | पुनर्स्थापनामा सरकारी ढिलासुस्ती | ३३ | ३६ |
| ख | पुनर्स्थापनाबाट बन्चित भएको | २७ | ३० |
| ग | महिलाले पहिचानका लागि परिचयपत्र पाउनु पर्ने | १८ | २० |
| घ | भन्नै सकिन | १३ | १४ |
| | **जम्मा** | **९१** | **१००** |

*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको यो तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई रेडियो कार्यक्रम नागरिक आवाज सुनेर तपाइले पुनर्स्थापनाका विषयमा के सिक्नु भयो भनी सोधिएको प्रश्नमा ३३ जना अथवा ३६ प्रतिशतले मुक्त कमैयाको पुनर्स्थापनामा सरकारी ढिलासुस्ती भएको थाहा पाएको बताए । २७ जना अथवा ३० प्रतिशत मानिसहरूले आफु पुनर्स्थापनाबाट बन्चित भएको थाहा पाएको जवाफ दिए । त्यस्तै १८ जना वा २०प्रतिशत मानिसले कमैया महिलाले पहिचानका लागि परिचयपत्र पाउनु पर्ने विषयमा जानेको बताए भने १३ जना अथवा १४ प्रतिशत मानिसले सुनेको कुरा भन्न नसकिने वा कुन विषयमा रेडियो कार्यक्रम सुनेको हो त्यसको एकिन नभएको बताए ।

**तालिका नं.५**

*रेडियो सुन्ने साधन*

| सि.नं. | विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| क | रेडियो सेट | १९ | २१ |
| ख | मोवाईल | ६२ | ६८ |
| ग | कम्प्यूटरमा | ० | ० |
| घ | टर्चलाईट भएकोमा | १० | ११ |
| | **जम्मा** | **९१** | **१००** |


*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको यो तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई तपाई रेडियो सुन्दा कुन सेट वा वस्तुमा सुन्न हुन्छ भनी सोधिएको प्रश्नमा १९ जना अथवा २१ प्रतिशतले रेडियो सेटमा ने रेडियो सुन्ने बताए । ६२ जना अथवा ६८ प्रतिशतले मोवाई सेटमा नै आफुले रेडियो सुन्न बताए तरमा इन्टरनेट प्रयोग गरी सुन्नेको संख्या नै रहेन छ । टर्चलाईट भएकोमा १० जना अथवा ११ प्रतिशतले रेडियो सुन्ने र वत्तिको पनि प्रयोग गर्ने बताएका छन ।

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 2 Year: 2023
*************************************

**चित्र नं. ५**

*कार्यक्रमबाट भएको फाइदा*




*(स्रोत: सर्वेक्षण, २०७४)*

माथिको यो तालिकाबाट यो स्पष्ट हुन्छ कि मुक्त कमैया वर्गका ९१ जना व्यक्तिलाई तपाई रेडियो कार्यक्रमकै कारण कस्तो खालको सहयोग पाउनु भएको छ भनी सोधिएको प्रश्नमा ९ जना अथवा १० प्रतिशतले आयआर्जनमा सहयोग पाउएको र वातावरण तयार भएको बताएका छन । ४७ जना अथवा ५१ प्रतिशतले पुनर्स्थापनाका लागि विभिन्न पटक पैरवी गरी सहयोग पाएको बताएका छन । त्यस्तै २७ जना वा ३० प्रतिशत मानिसले कार्यक्रम नागरिक आवाजका कारणले अरूको अनुभव सुनेर संगठित हुन पाएको वताएका छन । ८ जना अथवा ९ प्रतिशत मानिसले यस प्रकारको सहयोगको बारेमा थाह छैन भनेका छन ।

## निष्कर्ष

बर्दिया जिल्लामा मुक्त कमैयाको पुनर्स्थापनामा रेडियो कार्यक्रम नागरिक आवाजको प्रभाव कस्तो रहेको छ भन्ने बारेमा यो अध्ययन केन्द्रित छ । यो रेडियो कार्यक्रमको उत्पादन हातेमालो सञ्चार समूह जानकी गाउँपालिका वडा नं. ३ बाँकेले गरेको हो । यो कार्यक्रम बर्दिया जिल्लाको बबई एफ.एम., सुर्खेतको रेडियो भेरी र बाँके जिल्लाको रेडियो प्रतिबोधबाट साप्ताहिक रूपमा प्रसारण हुने गर्दछ । वि.सं. २०५७ साउन २ गते मुक्त घोषणा पश्चात मुक्त कमैयाहरू दासताबाट मुक्त भएका थिए । उनीहरूको पैत्रिक सम्पत्ति र आर्थिक अवस्थाको पहिचान गरी सरकारले पुनर्स्थापना नीतिका आधारमा मुक्त पश्चात वि.सं. २०५८ देखि पुनर्स्थापना गर्न सुरूवात गरेको थियो । बर्दिया जिल्लामा वि.सं.२०७४ सालसम्म सबै पुनर्स्थापना भइसकेका छैनन । कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ अनुसार उनीहरूको पुनर्स्थापना नभएपछि विभिन्न गैरसरकारी संस्था र मुक्त कमैयाले पुनर्स्थापनाका लागि अभियान सञ्चालन गरेका छन् । यस्तै अभियान अन्तर्गतको सञ्चार पैरवी गर्ने रेडियो कार्यक्रम नागरिक आवाज हो । कार्यक्रमले पारेको प्रभावको अध्ययन गर्ने मुख्य उद्देश्यका साथ यो अध्ययन गरिएको छ । यस अध्ययन प्रश्नावली सर्वेक्षण र अन्तरवार्ताका साथै उक्त रेडियो कार्यक्रमको विश्लेषणमा आधारित छ । प्रश्नावली सर्वेक्षणमा मुक्त कमैयाहरूलाई र अन्तरवार्तामा यस विषयका अभियन्तालाई समेटिएको छ ।

यो रेडियो कार्यक्रमले केवल मुक्त कमैयाको पुनर्स्थापना जस्तो संवेदनसिल विषयमा केन्द्रित रहेर उत्पादन प्रसारण हुने भएकोले पूर्णरूपमा यो वर्गहितमा केन्द्रित हुन समाजहित र दासताको जीवन विताएका यो वर्गको हितमा छ । यसरी रेडियो कार्यक्रमले दासताको जीवन विताएका पक्षमा काम गरेकोले अध्ययनको आकर्षण हुनु स्वभावि हो । यो अध्ययन भन्दा पहिले यसमा कसैले अध्ययन गरेको पनि पाईएन । त्यसकारण यो रेडियो कार्यक्रम सामाजिक उत्तरदायित्व वहन गरेको छ । यसका आधारमा पनि संचारको सामाजिक उत्तरदायित्वमा केन्द्रित अध्ययन हो ।

रेडियो कार्यक्रम नागरिक आवाजले मुक्त कमैयाको पुनर्स्थापनामा मुख्यगरी नीतिगत व्यवस्था मुक्त कमैयासम्म र पुनर्स्थापना नहुँदा मुक्त कमैया समस्या कार्यान्वयनकर्ता निकायसम्म पुग्ने गरेको पाईयो । नीतिगत जानकारी, सरकारी प्रयास र मुक्त कमैयालाई संगठित, शसक्त र आफ्ना अधिकारको बारेमा बुझाउन यो कार्यक्रमले योगदान गरेको पाइयो । एउटा रेडियो कार्यक्रमले समग्र सबै पक्षमा काम नगर्न सक्छ तर मुक्त कमैयाको पुनर्स्थापना नहुनुको प्रमुख कारण पुनर्स्थापना समितिले कामै ढिला सुस्ति हो त्यो कुरालाई चिर्नका लागि मुक्त कमैया पुनर्स्थापनाका लागि बनेका नीतिमा आम मुक्त कमैयाले थाह पाएर उनीहरू पैरवी गर्न सक्ने बनाउने हो त्यसैले कार्यक्रमले मुक्त कमैया पुनर्स्थापना गर्नका लागि बनेका नीति, ति नीतिमा केन्द्रित रहेर संगठित हुन र कमैया महिलाले पाउनु पर्ने परिचय पत्रमा केन्द्रित रहेर कार्यक्रम प्रसारण भएको मुक्त कमैया बताउनु कार्यक्रमको अर्को प्रभाकारिता हो ।
अध्ययन गरिएको रेडियो कार्यक्रमबाट प्रसारण भएका विषय बस्तुमा मुक्त कमैयाले राम्रोसँग व्यवहारमा समेत उपयोग गरेका छन । मुक्त कमैया ४८ प्रतिशत व्यवहारमा नै उतारिसकेको अति उत्तम कुरा हो । यसका साथै आफ्नो उपयोगी भएको तर व्यवहारमा उतार्न प्रयासरत ३२ प्रतिशत हुन झन आगमी दिनमा यसका प्रभाव रहिरहनु हो । यस कार्यक्रमबाट नीति, विधि, प्रकृया र उनीहरूको अधिकारका कुरा समेत थाह पाएर यस कार्यक्रमकै कारण ५१ प्रतिशतले पुनर्स्थापनामा संचार पैरवी ३० प्रतिशतले आयआर्जनमा लाग्न र १० प्रतिशत उनीहरूको सञ्जालमा संगठित हुन सहयोग गरेको बताएका छन । मुक्त कमैयाको वस्तीमा गएर उनीहरूका विषयमा नियमित सूचना संकलन गर्ने एक मात्र पत्रकार यस नागरिक आवाजका संचालक मात्रै हुन भन्ने ठोकुवाका साथ भनेका छन ।

## सन्दर्भ समग्रीहरू

श्रेष्ठ, दिनेशप्रसाद (२०५२), *बर्दिया, जमिन्दारी, नेपाली काँग्रेस र जननेता राधाकृष्ण थारू* । बर्दिया । निलम श्रेष्ठ
सुवेदी, धातृ र अरू (२०६५), *मुक्त आवाज* । काठमाण्डौं । एक्सनएड नेपाल
*भूमिसुधार तथा व्यवस्थापन मन्त्रालय बार्षिक प्रतिवेदन(२०७३/२०७४)* । काठमाडौं । नेपाल सरकार
*मुक्त कमैया पुनर्स्थापन समस्या समाधान आयोग (गठन) (एघारौं संशोधन) आदेश, (२०६९)* । नेपाल सरकार
*कमैया(श्रम निषेध गर्ने) सम्बन्धी ऐन*-२०५८, । काठमाण्डौं । नेपाल सरकारकार
*कमैया महिला जागरण समाज नेपाल,* (२०७४) । बर्दिया
थारू, कृष्णी (२०७४) *कुराकानी* असोज १२
रेडियो कार्यक्रम नागरिक आवाज *(२०७३/२०७४)* हातेमालो सञ्चार समूह । बाँके